केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : bfird@nrb.org.np
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/२६/०६६/६७ मिति : २०६६/१०/०७

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि जारी एकिकृत निर्देशन, २०६६ को इ.प्रा.निर्देशन नं. १/०६६ (न्यूनतम पुंजीकोष सम्बन्धी व्यवस्था) को बुंदा नं. ९ मा भएको साविकको व्यवस्थालाई हटाई/संशोधन गरी देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुले पुंजीकोष सम्बन्धी निर्देशनहरुको पालना नगरेमा शिघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली २०६४ (Prompt Corrective Action – PCA) बमोजिमको कारवाही हुनेछ ।

"घ" वर्गका इजाजतपत्रप्राप्त संस्थाले तोकिएको अनुपातमा पुंजीकोष कायम गर्न नसकेमा संचालक समितिले पैंतिस दिनभित्र पुंजीकोष कायम रहन नसकेको कारण तथा पुंजीकोष पर्याप्त बनाउन तयार गरेको पुंजी योजना वा कार्यक्रम समेत पेश गर्नुपर्ने छ । यसरी पेश गरिएको प्रस्तावित योजना वा कार्यक्रममा यस बैंकले तोकेको अवधिभित्र पुंजीकोष कायम गरिसक्नु पर्ने गरी सम्वन्धित इजाजतपत्रप्राप्त संस्थालाई निर्देशन दिन सक्नेछ । पुंजीकोष पर्याप्त नभएको अवस्थामा लाभांश तथा वोनस शेयर वितरण गर्न पाइने छैन ।

तर,

(क) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले कुनै आर्थिक वर्षको विचको कुनै अवधिमा तोकिएको अनुपातमा न्यूनतम पुंजीकोष कायम गर्न नसकेको भएता पनि सोही आर्थिक वर्षको अन्त्यमा तोकिएको अनुपातमा न्यूनतम पुंजीकोष कायम भएको आधारमा नगद लाभांश तथा बोनस शेयर वितरण गर्न पाईने छैन । यो व्यवस्थाले सो आर्थिक वर्षको अन्त्यमा वाह्य लेखापरीक्षकबाट प्रमाणित वित्तीय विवरणबाट तोकिएको अनुपातमा न्यूनतम पुंजीकोष कायम भएको आधारमा स्वीकृत पुंजी योजना अनुसारको बोनस शेयर घोषणा/वितरण गर्न बाधा पर्ने छैन ।

(ख) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले कुनै आर्थिक वर्षको अन्त्यमा वाह्य लेखापरीक्षकबाट प्रमाणित वित्तीय विवरणबाट तोकिएको अनुपातमा न्यूनतम पुंजीकोष कायम भएता पनि सो आर्थिक वर्ष समाप्त भएको मितिदेखि वार्षिक साधारण सभाको स्वीकृति लिने मितिसम्मको अवधिमा शिघ्र सुधारात्मक कारवाही कार्यान्वयन भई सो मितिसम्म फुकुवा नभएको अवस्थामा लाभांश तथा बोनस शेयर घोषणा/वितरण गर्न पाईने छैन ।

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
७. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
८. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
९. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।